**नेपाल सरकार**

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

# केन्द्रीय बाल कल्याण समिति

हरिहरभवन, ललितपुर

वजेट उपशीर्षकका कार्यक्रमहरूः ३४०१०८३ —४ वार्षिक / चौमासिक वजेटरू. ८,०४,००,०००/ भौतिक प्रगतिः ९०.०४ %

आ.व.: २०७३/०७४ वार्षिक/ चौमासिक खर्च रू. ६,८७,४३,००० / वित्तीय प्रगतिः ८५.५० %

| क.स. | मुख्य मुख्य कार्यक्रमहरू | इकाई | वार्षिक लक्ष्य (संख्यामा) | वार्षिक उपलब्धि (संख्यामा) | कार्यक्रमबाट हासिल भएका उपलब्धिहरू | यस आ.व.मा सम्पन्न हुन नसकेका कार्यक्रमहरू | समस्या तथा चुनौतीहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | केन्द्रीय बाल कल्याण समितिको कार्यलय भवन निर्माण | भवन | १ | १ | बहुवर्षीय ठेक्का निर्माण कार्य अन्तर्गत समितिको कार्यलय भवन निर्माणको यस आ.व.मा तेस्रो तलासम्म ढलान गरी चौथो तलाको विम राखिएको | विविध कारणले भवन निर्माण कार्य सम्पन्न हुन नसकेको | कर्मचारी अभाव | |
| २ | बालबालिका बेच विखन तथा ओसार पसार रोकथाम र नियन्त्रणका लागि प्रचार प्रसार एवम् अन्तरक्रिया | जिल्ला | २४ | २३ | भारतसँग सिमाना जोडिएका २२जिल्ला (बारा बाहेक) र सिन्धुपाल्चोक गरी २३ जिल्लाको जिल्लास्तर र सीमानाकाका स्थानीयस्तरमा अन्तरक्रिया सञ्चालन, कानूनी व्यवस्थाको प्रचार प्रसार तथा प्रसारणगरी सहयोगी निकाय एवम् संघसंस्थाहरु बीच प्रभावकारी समन्वय, सहयोग र सहकार्यमा अभिवृद्धि गरिएको । अन्तरक्रिया कार्यक्रममा सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरु र | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अन्य नागरिक प्रतिनिधिहरू गरी ७२८ (महिला ३८० र पुरुष ३४८) जनाको प्रत्यक्ष सहभागिता रहेको । | | | |
| ३ | कर्णाली अञ्चल लगायत पीछडिएको क्षेत्रका बालबालिका संरक्षणका निम्ति पारिवारिक सचेतना कार्यक्रम | जिल्ला | ९ | ९ | पीछडिएको क्षेत्रका हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट, बझाङ, बाजुरा, अछाम र जाजरकोट गरी ९ जिल्लाका बालबालिका संरक्षण तथा बालअधिकार सम्बवर्धनका निम्ति १०६ स्थानीय निकायका घर पविारका २,८७३ जना सदस्यहरु (महिला १,४६६ र पुरुष १,४०७)लाई अन्तरक्रिया कार्यक्रमबाट बालअधिकार बारे पारिवारिक सचेतना अभिवृद्धि गरिएको । | | | |
| ४ | बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान | जिल्ला | ४० | ३८ | देहायका ३८ जिल्ला (रुपन्देही र कपिलवस्तु बाहेक)को जिल्लास्तर र स्थानीयस्तरमा बाल विवाह रोकथाम तथा न्यूनीकरण अभियान सञ्चालन गरी सरोकारवाला निकाय, संघसंस्था र १७६ स्थानीय निकायका १०,०५७ (महिला ५,३२१ र पुरुष ४,७३६) जना प्रमुख तथा प्रतिनिधिहरुको सहभागीतामा सचेतना अभिवृद्धि गरिएको : (१) सिरहा, (२) झापा (३) अछाम, (४) रोल्पा, (५) बाजुरा (६) बझाङ, (७) प्यूठान, (८) मोरङ (९) | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सल्यान, (१०) रुकुम, (११) सुर्खेत, (१२) दैलेख, (१३) धनुषा, (१४) डोटी, (१५) डडेल्धुरा, (१६) हुम्ला, (१७) सुनसरी, (१८) जाजरकोट, ((१९) डोल्पा, (२०) दार्चुला, (२१) उदयपुर, (२२) मकवानपुर, (२३) बैतडी, (२४) बांके, (२५) कन्चनपुर , (२६) दाङ, (२७) बर्दिया, (२८) मुगु, (२९) ससरी, (३०) बारा, (३१) रौतहट, (३२) पर्सा, (३३) नवलपरासी, (३४) जुम्ला, (३५) सर्लाही, (३६), ओखलढुंगा (३७) महोत्तरी र (३८) कालीकोट । | | | |
| ५ | बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटना रोकथाम तथा न्यनीकरण सचेतना कार्यक्रम | जिल्ला | २४ | २२ | विभिन्न २२ जिल्ला (बारा र सर्लाही बाहेक)को ३५ स्थानमा बाल यौन दुर्व्यवहार तथा बलात्कार रोकथाम तथा न्यूनीकरकणको लागि सरोकारवालाहरु बीच जिल्लास्तर सहित स्थानीयस्तरमा अन्तरक्रिया, छलफल बैठक तथा कानूनी व्यवस्था र सहयोगी निकाय एवम् संघसंस्थाहरु बीच प्रभावकारी समन्वय, सहयोग र सहकार्यका लागि प्रचार प्रचार र सन्देश प्रसारण गरिएको । अन्तरक्रिया कार्यक्रममा सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरु र नागरिक प्रतिनिधि गरी १,३८८ (महिला ६८३ र पुरुष ७०५) जनाको प्रत्यक्ष सहभागिता | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | रहेको । | | | |
| ६ | बालअधिकार सम्वर्धनका निम्ति जिल्लास्तरीय निबन्ध प्रतियोगिता | जिल्ला | ७५ | ७१ | ७१ वटा जिल्लाका माध्यमिक तहका विद्यालयमा अध्ययनरत बालबालिकालाई बालअधिकार बारे ज्ञान र जानकारी गराउन **सम्वर्धन बालअधिकारको: कार्यान्वयन संविधानको** भन्ने विषयमा निबन्ध प्रतियोगिता सञ्चालन गरी पहिलो, दोस्रो र तेस्रो हुनेलाई अन्तर्राष्ट्रिय बालअधिकार दिवसको दिन र अन्य कार्यक्रमको अवसरमा समेत प्रदान गरी २३३ जना बालबालिकालाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको । | | | |
| ७ | बालबालिका सम्बन्धी जिल्लास्तरीय र राष्ट्रिय स्थिति प्रतिवेदन प्रकाशन | केन्द्र र जिल्ला | ७६ | ५८ | बाल कल्याण समितिहरूबाट जिल्ला र केन्द्रमा बालबालिका सम्बन्धी सूचना र तथ्याङ्क संकलन तथा अद्यावधिक गरी ५७ जिल्ला र केन्द्रमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७३ प्रकाशन गरिएको । राष्ट्रिय प्रतिवेदनको नाम : "नेपालमा बालबालिकाको स्थिति, २०७३" रहेको । | | | |
| ८ | जिल्लाका प्रमुख स्थानीय भाषामा सम्बन्धित रेडियो (एफ.एम.)बाट बालअधिकार सचेतना सन्देश प्रचारप्रसार तथा प्रसारण | जिल्ला | ७५ | ६७ | आवश्यतानुसार६७ जिल्लाको स्थानीय भाषामा समेत बालअधिकार सम्बन्धी सचेतना मूलक सन्देश ११४ वटा एफ.एम. रेडियोहरूबाट प्रचार प्रसार तथा प्रसारण गरिएको । | | | |
| ९ | केन्द्र र जिल्लाहरूले राष्ट्रिय बाल दिवस र अन्तर्राष्ट्रिय बालअधिकार | पटक | १५२ | १४९ | केन्द्रीय बाल कल्याण समितिले राष्ट्रिय रूपमा दुबै दिवस र ७५ वटै जिल्ला बाल | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दिवस मनाउने | | | | कल्याण समितिले सरोकारवालाहरुको समन्वय, सहयोग र सहकार्यमा राष्ट्रिय बाल दिवस भदौ २९ र७२ वटा जिबाकसले अन्तर्राष्ट्रिय बालअधिकार दिवस  नोभेम्बर २० विविध कार्यक्रमका साथ मनाई बालअधिकार सम्वर्धनमा सहयोग गरिएको । | | | |
| १० | बाल कल्याण समितिहरूबाट बालगृहहरु र बालअधिकार हनन्का घटनाहरुको अनुगमन तथा निरीक्षण | जिल्ला | ४४ | ३९ | आवश्यकतानुसारकेन्द्रीय बाल कल्याण समितिबाट उपत्यका र अन्य जिल्लामा सञ्चालित  ६८ वटा बाल गृहहरू र३९ वटा जिल्ला बाल कल्याण समितिहरूबाट ४४ जिल्लामा सञ्चालनमा रहेका ५६६ वटा बालगृहरु मध्ये ३९४ गरी ४६२ वटा आवासीय बाल गृहहरूको अनुगमन गरी पृष्ठपोषण गरिएको । ४ जिल्लाको ८३ वटा बालगृहहरूलाईबाल गृह सञ्चालन अनुमति प्रदान गरिएको, ९ वटा बालगृह सञ्चालन बन्द गर्न सिफारिस गरी सोमा रहेका ८६ (बालिका ४९ र बालक ३७) जना बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनसर्स्थापन गरिएको, यसैगरीविभिन्न जिल्लामा घटेका ११७ वटा बालअधिकार हनन्का घटनाहरुको अनुगमन तथा निरीक्षण गरिएको । | | | |
| ११ | लामो समय देखि बालबालिकाको हक हित तथा बाल कल्याण गर्ने कार्यमा योगदान पुर्याउनु हुने | जना | १० | २५ | लामो समय देखि बालबालिकाको हक हित तथा बाल कल्याण गर्ने कार्यमा योगदान पुर्याउनु हुने केन्द्रीय बाल कल्याण | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बाल कल्याण समितिका पूर्व अध्यक्ष तथा सदस्यहरुलाई राष्टिय बाल दिवसका दिन सम्मान तथा पुरस्कृत गर्ने | | | | समितिका २ र २२ जिल्लाका जिल्ला बाल कल्याण समितिका २३ गरी २५ जना बाल कल्याण समितिका पूर्व अध्यक्ष तथा सदस्यहरुलाई राष्ट्रिय बाल दिवसका दिन सम्माननीय राष्ट्रपतिज्यूबाट सम्मान तथा पुरस्कृत गरिएको । | | | |
| १२ | बालबालिकाको हक हित, बाल अधिकार संरक्षण तथा सम्वर्धनका निम्ति व्यवसायिक पत्रकारिताका माध्यमबाट वि.सं. २०७३ सालमा बालबालिका सम्बन्धी प्रचार प्रसारमा महत्वपूर्ण योगदान पुर्याउनु हुने पत्रकारहरुलाई सम्मान तथा पुरस्कृत गर्ने | जना | ८ | १० | बालबालिकाको हक हित, बाल अधिकार संरक्षण तथा सम्वर्धनका निम्ति व्यवसायिक पत्रकारिता (टेलिभिजन, रेडियो, पत्रपत्रिका र मोफसल पत्रकारिता आदि)का माध्यमबाट वि.सं. २०७३ मा बालबालिका सम्बन्धी प्रचार प्रसारमा महत्वपूर्ण योगदान पुर्याउनु हुने ९ जना पत्रकारहरु र एउटा सामुदायिक रेडियोलाई सम्मान तथा पुरस्कृत गरिएको । | | | |
| १३ | अनाथ, असहाय टुहुरो वा अपाङ्गता भएका वा गम्भीर प्रकृतिको रोगका कारण कठिन अवस्थामा रहेका बालबालिकालाई तोकिएको मापदण्डको आधारमा संरक्षण सहयोग | जना | २४० | ५५६ | अनाथ, असहाय टुहुरो वा अपाङ्गता भएका वा गम्भीर प्रकृतिको रोगका कारण कठिन अवस्थामा रहेका बालबालिकालाई तोकिएको मापदण्डको आधारमा संरक्षणका निम्ति ६१ जना बालबालिका (बालक ३६ र बालिका २५)लाई आर्थिक लगायतको राहत सहयोग गरिएको । काठमाडौ, ललितपुर, काभ्रे, गोरखा, धादिङ्ग, सिन्धुपाल्चोक, नुवाकोट र ओखलढुङ्गा जिल्लामा भूकम्पबाट प्रभावित ४९५ (बालक २२९ बालिका २६६) | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जना बालबालिकालाई आपतकालीन सहयोग प्रदान गरिएको । | | | |
| १४ | जिल्ला बाल कल्याण समितिका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधिहरु र जिल्लास्थित सरोकारवाला निकायहरु बीचको समन्वय तथा अन्तरक्रिया | जिल्ला | १० | ७ | जिल्ला बाल कल्याण समिति स्याङजा, पाल्पा,गुल्मी,अर्घाखाची, कपिलवस्तु, रुपन्देही र सुनसरीका पदाधिकारीहरु, जिल्लास्थित सरोकारवाला निकाय, राजनीतिक दलका प्रतिनिधिहरु र केन्द्रीय बाल कल्याण समिति बीच बालबालिकाको संरक्षण र बालअधिकार सम्वर्धनका निम्ति अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको । | | | |
| १५ | बालअधिकारको दृष्टिकोणबाट स्थानीयतहको योजना तर्जुमा विधि बारे सात (७) वटा प्रदेशका जिल्लाका स्थानीय निकाय प्रमुख तथा सम्पर्क व्यक्तिलाई अभिमूखीकरण | जिल्ला | २७ | २६ | बालअधिकारको दृष्टिकोणबाट स्थानीयतहको योजना तर्जुमा विधि बारे सात (७) वटा प्रदेशका २६ जिल्लाका २६० स्थानीय निकाय तथा जिल्लास्थित कार्यालयका ९८८ जना कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमूखीकरण गरिएको । | | | |
| १६ | बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन, व्यवस्थापन तथा विस्तार | केन्द्र र जिल्ला | १४ | १३ | जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपतकालीन उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनका निम्ति बाल हेल्पलाइन नं. १०९८ नेपाल थप २ जिल्ला सुनसरी र दैलेखमा विस्तार गरी १३ जिल्लामा सेवा विस्तार गरिएको । बाल हेल्पलाइन सञ्चालन भई यस आ.व.मा जोखिमपूर्ण अवस्थामा रहेका २४१० जना बालबालिकाको उद्धार, | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राहत, मनोपरामर्श, पारिवारिक पुनर्मिलन र सामाजिक पुनरुस्थापना गरिएको जसमा बालक ११२५ र बालिका १२८५ रहेको सेवा प्राप्त गर्ने बालबालिकाको विवरण:राहत ४६३, मनोविमर्श ११८९, पुनर्मिलन २८०, बाल गृह ७०, आवधिक संरक्षण २९७, बाल विवाह हुनबाट रोकिएको २४ जोडी, उपचार २८२, कानूनी तथा पारिवारिक परामर्श ९४३, शैक्षिक सहयोग १०१२, बालश्रमबाट उद्धार १२९, सडक बालबालिकाको उद्धार ३१, विभिन्न प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट उद्धार, १६५ र बेच विखन तथा ओसार पसार हुनबाट बचाइएका १५ जना बालबालिका रहेका छन् । | | | |
| १७ | बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क टेलिफोन नं. १०४ को सेवा सञ्चालन, व्यवस्थापन तथा विस्तार | केन्द्र र जिल्ला | ३६ | ४३ | हराएका बालबालिकाको खोजतलास, भेटिएका तथा बेवारीस फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापन जस्ता बालबालिका सम्बन्धी सूचना र सेवाको विस्तारका लागि निःशुल्क टेलिफोन नं. १०४को सेवालाई४७ जिल्ला प्रहरी कार्लयको महिला तथा बालबालिका सेवा केन्द्र समेतमा विस्तार गरी केन्द्रको सेवा नियमित सञ्चालन गरिएको । हराएका बालबालिका २७७२ जना जसमा बालक १०४७ र बालिका १७२५, हराएकामध्ये | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | फेला परेका बालबालिका ७२०(बालक ३५३ र बालिका ३६७) जना (यो महिना भन्दा अगाडि हराएर फेला परेका सहित), बेवारीस फेला परेका बालबालिका ४७९ जना जसमा बालक ३२१ र बालिका १५८ बेवारीस फेला परेका मध्ये परिवारमा पुनर्मिलन गरिएका बालबालिका ३०७ जसमा बालक २१६ र बालिका ९१, बेवारीस फेला परेका मध्ये घरपरिवार पत्ता लाग्न नसकेर बालगृहमा संरक्षणको लागि राखिएका बालबालिका १६० जना जसमा बालक ९६ र बालिका ६४, बालक ९ र बालिका ३ गरी १२ जना बालबालिका संरक्षणको क्रममा बालगृहबाट भोगेको । यसरी हराएर फेला परेका र बेवारीस फेला परेका १०२७ जनालाई परिवारमा पुनर्मिलन गरिएको जसमा बालक ५६९ र बालिका ४५८ । कूल लाभान्वित बालबालिका ११८७ जना जसमा बालक ६६५ र बालिका ५२२ जना रहेका । | | | |
| १८ | सुस्त मनस्थिति, मानसिक विरामी, अपाङ्गता भएका कारण घर परिवारबाट परित्यक्त तथा बेवारीस भई संरक्षण गर्न ओम अपाङ्गता बालबालिका स्याहार केन्द्र र दव्न्द्व पीडित तथा | संस्था | ५ | ३ | सुस्त मनस्थिति, मानसिक विरामी, अपाङ्गता भएका कारण घर परिवारबाट परित्यक्त तथा बेवारीस भई संरक्षण गर्नका लागि ओम अपाङ्गता बालबालिका स्याहार केन्द्रमा रहेका १९ (बालक ९ र बालिका १०), व्दन्व्द पीडित तथा अपाङ्ग समाज | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अपाङ्ग समाज नेपाल जस्ता आवसीय बालगृह र आवधिक गृहमा रहेका तथा रहने बालबालिकाका संरक्षणका निम्ति त्यस्ता संस्थालाई सहयोग | | | | नेपालमा रहेका ३४ (बालक १९ र बालिका १५) र अभिभावक स्वावलम्बन समूहमा रहेका २० (बालक ११ र बालिका ९) गरी ७३ (बालक ३९ र बालिका ३४) जना बालबालिकाको संरक्षणका निम्ति उल्लिखित बालगृहलाई आर्थिक सहयोग प्रदान गरिएको । | | | |
| १९ | घटना व्यवस्थापन तालीम | जिल्ला | १२ | १२ | झापा, धनुषा, नवलपरासी, बर्दिया, तनहुं, जाजरकोट, कास्की, चितवन, बाँके, दैलेख, डडेल्धुरा र डोटी जिल्लामा मूख्य जिम्मेवार तथा सरोकारवाला निकायका ४४२ पदाधिकारीहरुलाई बालसंरक्षण सम्बन्धी घटना व्यवस्थापन कार्य प्रक्रियाको बारेमा ३ दिने तालीम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिएको । साथै बालसंरक्षण सम्बन्धी घटना व्यवस्थापन कार्य प्रक्रियाको जिल्लामा संयन्त्र प्रणाली समेत निर्माण भएको । | | | |
| २० | संयुक्त राष्ट्र संघ बालअधिकार समितिको समापन टिप्पणी सम्बोधन हुने गरी प्रतिवेदन तयारी, परामर्श तथा सम्प्रेषण | पटक | ३ | ३ | नेपालले संयुक्त राष्ट्र संघ बालअधिकार समितिमा बुझाएको बालअधिकार सम्बन्धी महासन्धिको तेस्रो, चौथो र पाँचौ आवधिक प्रतिवेदनमाथि तथा इच्छाधीन आलेखहरुको प्रतिवेदनमाथिको समापन टिप्पणीलाई नेपाली भाषामा अनुवादको प्रकाशन गरी सम्बन्धित सरोकारवाला मन्त्रालय तथा निकायहरु बीच टिप्पणी गरिएका विषय कार्यान्वयनका लागि | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अन्तरक्रिया छलफल गरिएको । | | | |
| २१ | बालगृह अनुगमन तोकिएको मापदण्ड अनुसार बालगृह सञ्चालन तथा स्तरोन्नतिको लागि सहजीकरण | जिल्ला | २० | २० | झापा, मोरङ, काठमाडौं, ललितपुर, चितवन, कास्की जिल्लामा बालगृह सञ्चालक तथा हेरचाह गर्ने व्यक्तिहरुलाई बालस्वास्थ्य, पोषण तथा तोकिएको मापदण्ड अनुसार बालगृह सञ्चालन तथा स्तरोन्नतिको लागि सहजीकरण गरिएको । बाल गृहहरूको विवरण सफ्टवेयरमा रेकर्ड गर्न थालनी गरिएको, हालसम्म २४९ वटा बाल गृहहरूलाइ सफ्टवेयर सञ्चालन सम्बन्धी अभिमूखीकरण गरिएको, २५८ वटा बाल गृहहरूको विवरण सफ्टवेयरमा प्रविष्टि गरिएको । | | | |
| २२ | सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन | पटक | ३ | ३ | सडक बालबालिका उद्धार सरक्षण तथा व्यवस्थापन मार्गदर्शन अनुसार काठमाडौं उपत्यकामा सडक बालबालिकाको क्षेत्रमा कार्यरत गैससहरु तथा यस समिति लगायतको समन्वय र सहयोगमा सडकमा जीवन व्यतित गरिरहेका बालक ४१८ र बालिका ३५ गरी कूल ४५३ जना सडक बालबालिकालाई सम्पर्क गृहमा राखी संरक्षाण तथा व्यवस्थापन गरिएको ।यसमध्ये र गत वर्षको २०३ जना समेतमध्ये हाल ११७ जना सम्पर्क गृह र १४१ जना सामाजीकरण केन्द्र गरी २५८ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जना (बालक२०५ र बालिका ५३) बालबालिका सुधारोन्मूख अवस्थामा रहेका, १८३ जना सडक बालबालिका परिवारमा पुनर्मिलन गरिएको ।विभिन्न तालीम लिइरहेका बालक २२ र बालिका २ गरी २४ जना र विभिन्न प्रकारको तालीम लिएका १८ जनामध्ये रोजगारीमा रहेका बालबालिका १२ (कुक ७, ग्रिल उद्योगमा ३, मोटरसाइकल मर्मत १, र कारपेन्टर १) जना रहेका। | | | |

१. वार्षिक स्वीकृत कार्यक्रम बाहेक केन्द्रीय बाल कल्याण समितिले बालबालिकाको हक, हित र संरक्षणको लागि विभिन्न निकाय र संघसंस्थाहरूसंग समन्वय, सहजीकरण, सहयोग र सहकार्य गरी भारत सरकार समेतको सहयोगमा भारतको विभिन्न राज्यका बालगृहमा रहेका १०३ (बालक ९६ र बालिका ७) जना बालबालिका नेपाल फिर्ता गरी पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापन गरिएको :

- बंगलोरबालकल्याणसमितिकोसहयोगमा१३जनाबालक,
- केन्द्रीय बाल कल्याण समिति न्यू दिल्लीको सहयोगमा २६ जना बालक,
- मुज्जफरपुर बाल कल्याण समितिको सहयोगमा २५ जना बालक र २ जना बालिका गरी २७ जना,
- असाम राज्य सरकारको सहयोगमा ३ जना बालिका,
- चन्दीगढ बाल कल्याण समितिको सहयोगमा बालक ३ र बालिका २ गरी ५ जना,
- सिलिगुड बाल कल्याण समितिको सहयोगमा ६ जना बालक,
- दरभंगा बाल कल्याण समितिको सहयोगमा १४ जना बालक,
- सलाम बालक ट्रस्ट न्यू दिल्लीबाट ९ जना बालक।

२. केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिबाट अनुगमन गर्दा प्रचलित मापदण्ड बमोजिम सञ्चालन नभएका देहायका बाल गृह बन्द गर्न सिफारिस गरी बालबालिकाको उद्धार संरक्षण गरिएको छ :-

## बालबालिका उद्धार गरी बाल गृह बन्द गर्न सिफारिस गरिएका बाल गृहहरू सम्बन्धी विवरण

| क.सं. | बाल गृहको नाम र ठेगाना | उद्धार गरिएका बालबालिका | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | | |
| १ | मित्रता नेपाल, ललितपुर (कमल अधिकारी ९८४३७४३४५३) | ३ | १० | १३ | केबाकस |
| २ | संस्था दर्ता नगरी नै गोठाटार, काठमाडौंमा सञ्चालनमा रहेको बाल गृह (देवेन्द्र कार्की ९८६०५७५०२३) | ३ | ० | ३ | केबाकस |
| ३ | हुम्ला नेपाल, ललितपुर (केदार राइ ९८५१०१२८३६) | २ | ५ | ७ | केबाकस |
| ४ | टुहुरा तथा असहाय बच्चाहरूको विकास केन्द्र, पोखरा १५ नयांगाउं (शम्भू बुढाथोकी र खुशीमाया बुढाथोकी ०६१-४३२४६१, ९८५६०२१०७२) | ५ | ४ | ९ | कास्की जिबाकस |
| ५ | ज्योति निवास ट्रष्ट, पोखरा ६ बैदाम (डा. एलियामा जोन र मेनुका पहारी ०६१-४६१७९३, ९८४६३४३४८२) | ७ | ५ | १२ | कास्की जिबाकस |
| ६ | समन्वय नेपाल, पोखरा ५ मालेपाटन (कृष्णप्रसाद तिमिल्सिना (क) ९८५६०३३७५८) | ५ | ४ | ९ | कास्की जिबाकस |
| ७ | एपीसी नेपाल, पोखरा ७ अन्नपूर्ण पथ (कृष्णबहादुर सुनार ०६१-४६५५३२, ९८४६०४०२७२) | ० | ७ | ७ | कास्की जिबाकस |
| ८ | ह्याप्पी चिल्ड्रेन होम, पोखरा ७ मासबार (मिनबहादुर गुरूङ्ग र सन्दिप गुरूङ्ग ०६१-४६१५०३, ९८४६३९७००७) | ४ | ६ | १० | कास्की जिबाकस |
| ९ | डेमा चिल्ड्रेन होम, पोखरा १५ नयांगाउं (रमना थापा र नोर्बु योल्मो ९८५६००५५९५, ९८१६१४५०३७) | ८ | ८ | १६ | कास्की जिबाकस |
| | जम्मा | ३७ | ४९ | ८६ | |

२. साथै प्रदेश नं. १ का १४ जिल्लाका सरोकारवाला निकायका उच्चतहका ६८ जनापदाधिकारीहरु सहभागी भएको विराटनगरमा २ दिने **बाल संरक्षण र बाल संवेदनशीलता अभिवृद्धि** सम्बन्धी अभिमूखीकरण कार्यक्रमसञ्चालन गरिएको ।

३. विभिन्न जिल्ला बाल कल्याण समितिहरू तथा बाल कल्याण अधिकारीबाटविशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षक नियुक्ति गर्ने, बाल गृहमा संरक्षणका लागि सिफारिस गर्ने, बालश्रमबाट उद्धार गर्ने, हिंसा, शोषण, बाल यौन दुव्यर्वहार, बेच विखन तथा ओसार पसार, बाल विवाह रोकथाम र राहत प्रदान गर्ने जस्ता बाल संरक्षणका निम्ति सरोकारवालाहरू निकाय तथा संघसंस्थाहरू बीच समनवय, सहयोग, सहकार्य र सहजीकरण अभिवृद्धि गर्न ७५ जिल्लाहरूमा जिल्ला बाल कल्याण समितिहरूको ३२० पटक बैठक सञ्चालन भएकोछ ।

| **क्र.सं.** | **जिल्ला** | **विभिन्न प्रकारको संरक्षणका लागि आवश्यक सहयोग गरिएका बालबालिका** | | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | **बालक** | **बालिका** | | |
| १ | तनहुं | २३ | २१ | ४४ | बालश्रमबाट उद्धार १० जना, बेवारीस बालबालिकाको उद्धार ९ जना, बाल गृहमा संरक्षण गर्न पठाइएका १७ जना र आर्थिक सहयोग गरिएका ८ जना गरी ४४ जना |
| २ | कास्की | | | ५६ | बालबालिका नखुलेको, विभिन्न अवस्थाबाट संरक्षण गरिएको । |
| ३ | रूकुम | ४३ | १६ | ५९ | विभिन्न अवस्थाबाट संरक्षण गरिएको । |
| ४ | कैलाली | ११ | २३ | ३४ | विभिन्न अवस्थाबाट संरक्षण गरिएको । |
| ५ | कञ्चनपुर | | | २ | बालबालिका नखुलेको, नवजात शिशुलाइ संरक्षकत्व प्रदान गरिएको |
| ६ | ओखलढुङ्गा | २ | १ | ३ | विभिन्न अवस्थाबाट संरक्षण गरिएको । |
| | | ७९ | ६१ | १९८ | |

तयार गर्ने

प्रमाणित गर्ने